तुलसीपुर उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कृषि विकास शाखा, तुलसीपुर
प्रदेश नं ५ नेपाल

पं सं- ०७७/०७८
च. नं- ११६३

रासायनिक मलखादको कारोवारको लागी सूचिकृत हुने सम्बन्धी सूचना ।।।

प्रथम पटक प्रकाशित मितिः २०७७/०६/२०

नेपाल सरकारद्धारा मिति २०७७/०५/०१ मा जारी " अनुदानको मल वितरण व्यवस्थापन व्यवस्थापन निर्देशिका २०७७" बमोजिम नेपाल सरकारबाट लागत सहभागिताका आधारमा उपलब्ध हुने रसायनिक मलहरु गाँउ/ नगरवासी कृषकहरुलाई तोकिएको मापदण्ड अनुसार विक्री वितरण गर्ने कृषि सहकारी / कम्पनी / फर्म छनौट गरी कार्य क्षेत्र निर्धारण गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त कृषि सहकारी / फर्म / कम्पनी तथा यस गाँउ/नगरपालिका भित्र कार्यक्षेत्र भएका अनुदानित मलको कारोवार गर्न इच्छुक कृषि सहकारी/ कम्पनी /फर्महरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तपशिलमा उल्लेखित आवश्यक कागजातका प्रतिलिपी सहित यस कार्यालयमा आवेदन दिनहुन सूचित गरिन्छ । तोकिएको म्याद समाप्त भएपछि प्राप्त भएका, तोकिएको रित पुरा नभएका आवेदन उपर कुनैपनि किसिमको काम कारवाही नहुने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ ।

तपसिलः

१. सहकारी संस्था फर्म वा कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपी
२. सम्बन्धीत स्थानीय तह वडा कार्यालय को सिफारिस
३. PAN दर्ता तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
४. विगत २ वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी
५. सहकारी संस्थाको विधान
६. भौतिक पूर्वाधारहरु नापतौल गर्ने मेसिन गोदाम घर सूचना प्रविधी आदिको विवरण
७. विगतमा कारोवार गरिरहेका सहकारी संस्थाको हकमा मलखादको कारोवार विवरण अनुभव कार्यदक्षता कार्यक्षमताको विवरण
८. सहकारी संस्थाको संचालक समितिको निर्णय
९. सूचिकृत हुन निवेदन

प्रमुख प्रशासकिय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत